अर्नमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
अर्नमा, सिरहा
प्रदेश नं. २, नेपाल
Email– edu.arnama2073@gmail.com

प.सं.२०७७/०७८
च.न. ६१८

मिति:२०७७/११/२३ गते

बिषयः-IEMIS तथ्याङ्क अध्यावधिकीकरण सम्बन्धमा।

श्री सबै प्रकारका बिधालयहरु,
अर्नमा गाउँपालिका,सिरहा।

प्रस्तुत बिषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी,भक्तपुरको च.न.३१० र मिति २०७७/११/१९ गतेको पत्र यसै साथ संलग्न गरिएको छ। सो पत्रबाट व्यहोरा अवगत गरी फाल्गुन मसान्त भित्र IEMIS तथ्याङ्कको विवरण अध्यावधिक गर्न गराउनु हुन अनुरोध छ। साथै निर्धारित समयावधि भित्र विवरण अधावधिक नगरिएका कारण बिधालयले प्राप्त गर्ने अनुदान तथा विधार्थीले प्राप्त गर्ने सुविधाबाट बन्चित हुने अवस्था आएका सम्बन्धित बिधालय नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०७७/११/२३
नथुनी साह
शिक्षा अधिकृत

**बोधार्थः**

श्री सूचना प्रबिधि शाखाःवेवसाइटमा अपलोड गरि दिनु हुन।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.: यो.अ. २०७७/७८

मिति : २०७७।११।१९

च.नं. : ३१०

विषय : **Electronic based School Level IEMIS तथ्याङ्क अध्यावधिकीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना**

श्री सबै तह र प्रकारका विद्यालयहरू,

प्रस्तुत विषयमा विगत २०६१ सालदेखि सबैका लागि शिक्षा कार्यक्रम (EFA) को कार्यान्वयनसँगै मुलुकभर सञ्चालित सबै प्रकार (सामुदायिक, संस्थागत र धार्मिक प्रकृति) का र तहका विद्यालयहरुवाट प्रत्येक शैक्षिक सत्रको सुरु (जेष्ठ ७ गते) र अन्त्य (चैत्र २३ गते) सम्मको आधारमा क्रमशः Flash I र Flash II अन्तरगत विद्यालयतहको "विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली **(Excel based को Electronic School level Integrated Educational Management Information System-IEMIS)** को माध्यमवाट विद्यालय शिक्षासँग सम्वन्धित सबै प्रकारका शैक्षिक सूचनाहरू सङ्कलन, व्यवस्थापन, विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधीकरण र प्रकाशनका कार्यहरूको साथै सोही आधारमा विद्यालय र तीनै तहका सरकारका योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन र मूल्याङ्कन जस्ता महत्वपूर्ण कार्यहरू निरन्तर हुँदै आएको व्यहोरा बिदितै छ ।

यसै सन्दर्भमा कोभिड -१९ महामारीका कारणको २०७७ सालको शैक्षिक सत्र २०७७ वैशाखवाट सञ्चालन हुन नसकेको कारण निर्धारित समयमा IEMIS अद्यावधिक हुन नसकेको र नेपाल सरकारको निर्णय अनुसार विद्यार्थी भर्ना प्रक्रिया प्रारम्भ भएपछि २०७७ कार्तिक २५ गते भित्र विवरण अद्यावधिकीकरणका लागि सूचना गरिएकोमा अझै पनि केही विद्यालयहरुको विवरण अद्यावधिक नभएको र विवरण अद्यावधिक गर्ने विद्यालयहरुले पनि सम्पूर्ण विवरण अद्यावधिक नगरेको पाइएकोले **मिति २०७७ फाल्गुण मसान्तभित्र** विवरण अद्यावधिक गर्नु गराउनु हुन अनुरोध छ ।

आर्थिक बर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम तयारी गर्दा उल्लिखित मिति भित्र प्राप्त विवरणलाई आधार लिइने भएकाले निर्धारित समयावधि भित्र विवरण अद्यावधिक नगरिएका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधाबाट वञ्चित हुने अवस्था आएमा सम्बन्धित विद्यालय नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराइन्छ । तसर्थ **Excel based को Electronic School level IEMIS** को अद्यावधिक, प्रयोग तथा व्यवस्थापन सम्वन्धमा देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छः

- IEMIS को व्यवस्थापनलाई सबै प्रकार (सामुदायिक, संस्थागत, धार्मिक र अन्य) र तहका (पूर्व प्राथमिक विद्यालय तथा प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म सञ्चालन भएका) विद्यालयहरुले अनिवार्य रुपमा निरन्तरता दिने र शैक्षिक सत्र २०७७ को लागि आफ्नो विद्यालयका IEMIS File अद्यावधिक गर्ने गराउने ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

- IEMIS अद्यावधिक गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका सबै तथ्याङ्क एवम् सूचनाहरुलाई Update गरी नयाँ विवरणहरु समेत Add गरी २०७७ फाल्गुण मसान्तभित्र Web Portal: **iemis.doe.gov.np** मा Upload गर्ने
- नयाँ स्थापना भएका वा हालसम्म IEMIS तयार नगरेका वा नवुझाएका विद्यालयको हकमा स्थानीय तहहरुले विद्यालयहरुको नाम, साविकको गा.वि.स./न.पा., वडा नं., टोल साथै हालको नाम, वडा नं., फोन नं र प्रधानाध्यापकको नाम उल्लेख गरी केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखाको इमेल ठेगानाः doeremis@gmail.com मा पठाउने । उक्त शाखाबाट प्राप्त Excel Based file मा विवरण भरी **iemis.doe.gov.np** मा Upload गर्ने ।
- कक्षा ११ र १२ सञ्चालन गरेका माध्यमिक विद्यालयहरुले कक्षा ११ को नयाँ भर्नाको विवरण पनि Add गर्ने र पुनः Upload गर्ने।
- सम्वन्धित नगरपालिका र गाउँपालिकाका साथै शिक्षा विकास तथा समन्वय एकाइले स्थानीय तह अन्तर्गत कम्प्यूटर र इन्टरनेट सुविधा नभएका विद्यालयहरुलाई उक्त सुविधा भएका विद्यालयहरुसँग समन्वय गराई IEMIS सम्वन्धी कार्यहरुमा सहजीकरण र अनुगमन गरी तथ्यांङ्क/सूचनाको गोपनीयता एव्रम् सुरक्षा कायम गर्ने ।
- स्थानीय तहवाट सञ्चालन हुने आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा व्यवस्थापन सम्बन्धी कार्य यस प्रणालीवाट गर्न बाँकी रहेका स्थानीय तहहरुले शैक्षिक सत्र २०७७ देखि यस प्रणालीबाट नै गर्ने व्यवस्था गर्नु गराउनु हुन।
- यस प्रणालीमा विद्यालय शिक्षक तलव प्रणाली (School Teacher Salary System) र विद्यालय लेखा प्रणाली (School Accounting System) पनि आवद्ध गर्ने कार्य भइरहेकाले सोका लागि विद्यालयको Excel File मा हरेक खालका शिक्षकहरुको विवरणलाई अद्यावधिक गरी Upload गर्नु हुन र लेखा सम्वन्धी विवरण तयार गरी राखु हुन।

थप जानकारी तथा सहयोगका लागि इमेल ठेगानाः doeremis@gmail.com , janu2052@gmail.com र फोन नं ०१६६३८७०४ वा ९८४१४२५६०७ वा ९८४१५१४०२९ मा सम्पर्क गर्न सकिनेछ ।

**बोधार्थ**

श्री शिक्षा विकास निर्देशनालय (सबै): समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

श्री स्थानीय तहहरु (सबै) : उपर्युक्तानुसारको कार्यमा विद्यालयहरुलाई सहयोग तथा सहजीकरणका लागि अनुरोध छ

श्री शिक्षा विकास तथा समन्वय इकाई (सबै) : उपर्युक्तानुसारको कार्यमा स्थानीय तहहरुसँग समन्वय तथा सहजीकरण गर्नु गराउनु हुन अनुरोध छ ।

२०७७/११/१५

रामचन्द्र शर्मा

शाखा अधिकृत